# नौकुण्ड गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यलय

सरगमली , रसुवा
बागमती प्रदेश, नेपाल

पत्र संख्या: २०७८/०७९          मिति: २०७८।०८।२१
चलानी नं.:

## मेलमिलापकर्ताहरुले सुचीकृत हुने सम्बन्धि सूचना ।

प्रकाशित मिति: २०७८।०८।२१

नौकुण्ड गाउँपालिकाद्वारा जारी नौकुण्ड गाउँपालिका न्यायिक समिति (कार्यविधि सम्बन्धि) ऐन, २०७५ को दफा ५९ बमोजिम मेलमिलापकर्ताहरुको सूची तयार गर्नुपर्ने भएको हुदाँ तपशिल बमोजिम योग्यता पुगेका इच्छुक व्यक्तिहरुले यो सूचना प्रकाशित भएको मितिले ७ दिन (२०७८।०८।२१ देखि २०७८।०८।२७ गते) भित्र गाउँपालिकाको कार्यालयमा आवश्यक कागजात सहित सूची दर्ताको लागि आवेदन गर्नुहुन सम्बन्धित सबैमा जानकारी गराउदछौं ।

<u>आवश्यक न्युनतम योग्यता</u>

१. कम्तीमा स्नातक उतीर्ण गरेका,
२. कुनै राजनितिक दलप्रति आस्था राखी राजनितिमा सक्रिय नरहेको,
३. स्थानिय स्तरमा समाजसेवीको रुपमा पहिचान बनाएको,
४. मेलमिलापको ४८ घण्टा तालिम लिई मेलमिलापकर्ताको कार्य गर्दै आएको,
५. २५ वर्ष उमेर पुरा भएको,
६. माथि योग्यतामा जुन सुकै कुरा लेखिएको भएता पनि तालिम लिई हाल काम गरिरहेको हकमा निजलाई निरन्तरता दिन सकिने ।

<u>संलग्न गर्नुपर्ने कागजातहरु</u>

१. नागरिकता प्रमाणपत्रको प्रतिलिपी,
२. शैक्षिक प्रमाणपत्रको प्रतिलिपी,
३. मेलमिलापकर्ताको तालिम प्राप्त गरेको प्रमाण पत्रको प्रतिलिपी,
४. मेलमिलाप सम्बन्धि अनुभव र व्यक्तिगत विवरण
५. पासपोर्ट साइजको फोटो २ प्रति

नोट: गत आ.व. मा सुचीकृत भएका मेलमिलापकर्ताहरुले समेत पुनः सुची दर्ता गर्नुपर्ने ब्यहोरा अनुरोध छ ।

नेत्रराज गिरी
प्रमुख प्रशासकीय अधिकृत